# मोड्यूल ४
# प्रशस्त मात्रामा बिउ छर्नु



चौँथो मोड्युलमा तपाईँले प्रशस्त मात्रामा सुसमचारको बिउ छर्ने कुराको महत्त्व पत्ता लगाउनुहुनेछ, र आफ्नो वरपरका मानिसहरूसम्म पुग्नेका सहयोग गर्ने सरल व्यवहारिक विधि सिक्नुहुनेछ।

**पाठ १: प्रशस्त मात्रामा बिउ छर्नु भनेको के हो?**
**पाठ २: तीन मिनेटको गवाहीको शक्ति।**
**पाठ ३: प्राथमिक सुसमाचार प्रचारका शैली छनोट गर्नु।**
**पाठ ४: बिरामीहरूको लागि प्रार्थना गर्ने।**

**यस मोड्युलमा बुझ्न र छलफल गर्न मुख्य बुँदाहरू।**
**(यदि अरूसँग यो कोर्स मार्फत काम गर्दै हुनुहुन्छ भने)**

- हामीले धेरै बाली काट्नका लागि धेरै सुसमाचारको बीउहरू छर्नु आवश्यक हुन्छ।
- सरल सुसमाचार प्रचारका विधिमा धेरै विश्वासीहरूलाई तालिम दिनाले धेरै बिउ रोपिएको सुनिश्चित हुन्छ जसबाट धेरै बाली फल्छ।
- व्यक्तिगत गवाहीहरू र सरल पुनः प्रयोग गर्न मिल्ने शैलीहरु प्रयोग गरी प्रत्येक विश्वासीलाई सुसमाचार बाँड्न र अरूलाई पनि त्यही गर्न तालिम दिन सक्षम बनाइनु पर्छ।

**कार्य कदमहरू:**

१) आफ्नो गवाही तयार गर्नुहोस् र त्यसलाई प्रयोग गर्न सुरु गर्नुहोस्।

२) एउटा सुसमाचार प्रचारका शैली (उपकरण) हरू छान्नुहोस् र त्यसलाई प्रयोग गर्न सुरु गर्नुहोस्।

३) यशुको नाउँमा बिरामीहरुको लागि प्रार्थना गर्न सुरु गर्नुहोस्।



# पाठ १
# प्रशस्त मात्रामा बिउ छर्नु भनेको के हो?



## प्रशस्त मात्रामा सुसमाचारको विउ रोप्नु किन अर्थपूर्ण छ?

यदि हामी धेरै बाली काट्न चाहन्छौ भने हामीले सुसमाचारका धेरै बिउहरू छर्नुपर्छ। "प्रशस्त मात्रामा सुसमचार छर्ने" अभ्यास गर्नु आवश्यक छ।

प्रशस्त मात्रामा सुसमाचार छर्ने सिद्धान्त सरल, बाइबलीय र स्वभाविक छ। यदि तपाईं कुनै सहर, क्षेत्र वा जाति समूहमा ठूलो आत्मिक फसल काट्न चाहनुहुन्छ भने, तपाईंले धेरै, धेरै सुसमाचारका बिउहरू छर्नैपर्छ। जब हजारौं मानिसहरूले राम्रो समाचार सुन्छन्, तब सयौं मानिसले मात्र प्रतिक्रिया जनाउँछन्। यदि दसौं हजारले सुन्छन् भने, हजारौं जनाले मात्र प्रतिक्रिया दिन्छन्। यदि तपाईं धेरै आत्मीक बाली चाहनुहुन्छ भने, सुसमाचार प्रचारको प्रयासहरूलाई गुणात्मक रूपमा बढाउने तरिका नअपनाइ सम्भव छैन। यो चेला बनाउने अभियानहरूको आधारभूत सिद्धान्त हो। धेरै छरियो भने धेरै फल पाइन्छ। थोरै छरियो भने थोरै फल पाइन्छ।

**अब प्रश्न उठ्छः** **तपाईंको क्षेत्रमा हाल कति मात्रामा सुसमाचार प्रचार भइरहेको छ? र तपाईं त्यसलाई कसरी आमुल रूपमा बढाउन सक्नुहुन्छ?**

## एक बुद्धिमान र मूर्ख किसान

कल्पना गर्नुहोस् कि, एक जना किसानले आफ्नो खेतमा काम गरिरहेको छ। उसले केही तरकारीहरूको बिउ किनेर ल्यायो र रोप्न थाल्यो। उसले सावधानी पूर्वक खेत खन्यो र बीउहरू रोप्न थाल्यो र माटोले पुरिदियो। त्यसपछि उसले सावधानीपूर्वक त्यस बिउहरूमा ठीक मात्रामा पानी दियो।

भोलिपल्ट उसले फेरि पानी हाल्यो, अर्को दिन पनि। एक हप्ता बित्दा पनि उसको कुनै तरकारीका बीउहरू उम्रेनन् , त्यसैले उसले निराश हुँदै सोचे, "मैले के गलत गरें होला?" "शायद म खराब किसान हुँ," उसले सोच्यो। "वा शायद मेरो बिउ खराब थियो।" निराश भएर, उसले एउटा डिलमा बसेर बिउ रोपिएको माटोलाई नियाल्यो। उसको आशा र फसलको सपना असम्भव झै देखिन्थ्यो। त्यसैबेला त्यहाँ उसको एक जना साथी आए, उ आफैं पनि किसान थिए। "के गर्दैछौ?" उसले सोध्यो।

त्यस किसानले भने "म यस खेतीपातीबाट एकदमै निराश भएको छु" । "म धेरै फसल हेर्न चाहन्थे र मैले बिउ रोप्न कडा परिश्रम पनि गरे। तर तीमध्ये कुनै पनि उम्रेनन्। मलाई लाग्छ मेरो बीउमा केही गडबड छ वा सायद ममा गडबड छ। के म खराब किसान हुँ? उसले आफ्नव साथीलाई सोधे ।

उनका साथीले भने "मलाई देखाऊ त तिमीले कहाँ विउहरु रोप्यौ," । पहिलो किसानले उसलाई तरकारीको बीउहरू रोपेको देखाए। उसले हरेक दिन कसरी सावधानीपूर्वक पानी हालेका थिए भनेर बताए।

उनको साथीले उसलाई भने, "तिमी खराब किसान होइनौ, र तिम्रो बीउमा पनि कुनै खराबी छैन। मलाई थाहा छ यहाँ समस्या के छ! तिमीले यहाँ पर्याप्त मात्रामा बिउ छरेका छैनौँ! यदि तिमी राम्रो र धेरै फसल कटनी गर्न चाहन्छौ भने, तिमीले पाँचवटा मात्र बीउ छरेर हुँदैन, तर हजारौँ बीउ छर्नुपर्छ। सम्पुर्ण खेतमा बीउ छर्नुपर्छ। प्रत्येक खाल्डोमा एउटा मात्र होइन तर तीनवटा बीउ राख्नुपर्छ। त्यसपछि तिमीले त्यहाँ धेरै बिरुवाहरू उम्रिएको देख्नेछौ । जब तिमीले तिनीहरुको स्याहार गर्छौ, तब त्यसले प्रशस्त फलहरू दिनेछ"।

"तर कुरा यही हो, कि थोरै छर्नेले थोरै नै कटनी गर्छ, र प्रशस्तसँग छर्नेले प्रशस्तसँग कटनी गर्छ।" २कोरन्थी ९:६

## एउटा सरल सुसमाचार प्रचार विधि छनौट गर्नुहोस्।

माथिको बाइबल खण्डले दिने बारेमा कुरा गरिरहेको छ, तर हाम्रो सुसमाचार प्रचारमाको सन्दर्भमा पनि यहि कुरा सत्य हो। पहिलो किसानजस्तै, हामी पनि आफ्नो क्षेत्रमा आत्माहरूको धेरै बाली देख्ने आशा राख्छौं। तर हामीले सुसमाचार सन्देश सुन्ने मानिसहरूको संख्या बढाउन आवश्यक प्रयास गरिरहेका हुँदैनौं। यो कुरा स्वाभाविक रूपमा र चेला बनाउने अभियानमा अर्थपूर्ण छैन।

तपाईंको क्षेत्रमा सुसमाचार प्रचारलाई गुणात्मक रूपमा बढाउने सबैभन्दा प्रभावकारी तरिका ठूलो जनसभाहरू होइनन्। म अनियमित रूपमा सुसमाचारका पर्चाहरू बाँड्ने जस्ता विधिहरू पनि सिफारिस गर्दिनँ। प्रशस्त सुसमाचार छर्नको लागि सबैभन्दा राम्रो तरिका भनेको सम्भव भएसम्म धेरै व्यक्तिहरूलाई सरल व्यक्तिगत सुसमाचार प्रचारका शैलीहरूमा तालिम दिनु हो। त्यसपछि, ती व्यक्तिहरूलाई अरूलाई तालिम दिन लगाउनुहोस्।

यी दुईवटा कुराबाट सुरु गर्न हामी तपाईंलाई सुझाव दिन्छौँ। गवाही र अर्को एउटा सरल, पुनः प्रयोग गर्न मिल्ने सुसमाचार प्रचारको शैली हरेक विश्वासीलाई तालिम दिनुहोस्, केवल प्रचारमा विशेष रुचि राख्नेहरूलाई मात्र होइन।

तपाईंले अभियानमा यस्तो डीएनए विकास गर्न चाहनुहुन्छ जहाँ येशूका प्रत्येक अनुयायीले सक्रिय रूपमा आफ्नो विश्वास बाँडून्। हरेक चेलाले प्रेरित १:८ मा येशूले भन्नुभएको कुरालाई गम्भीरताका साथ लिनुपर्छ। येशूले आफ्ना चेलाहरूलाई भन्नुभयो कि उनीहरू यरूशलेम, यहूदिया, सामरिया र पृथ्वीको छेउसम्म उहाँका साक्षी हुनेछौ।

हामीलाई पनि उहाँको साक्षी बन्ने आदेश दिनुभएको छ। हाम्रो गवाही बाँड्न सिक्ने कुराबाट यो आदेश सुरु हुन्छ। हरेक विश्वासीलाइ तालिम दिनुहोस् कि उनीहरू आत्म विश्वासका साथ कसरी येशूलाई चिन्यौ, र उहाँले आफ्नो जीवनमा के गर्नु भयो भन्ने कुरा बाँड्न सकून्।

## आफ्नो गवाही बाँड्दै।

T4T (ट्रेनिङ फर ट्रेनर्स) का निर्माता यिङ काईले आफ्ना प्रशिक्षकहरूलाई तीन भागमा गवाही बाँड्न तालिम दिनुहुन्छ।

## गवाहीका ३ भागहरू

भाग १: **पहिले** – मैले येशूलाई चिन्नु अघि
मेरो जीवन कस्तो थियो?
भाग २: **कसरी** – मैले येशूलाई कसरी चिने।
कसले मलाई सुसमचार सुनाउनुभयो।
मैले कस्तो प्रतिकृया दिए?
भाग ३: **पछि** – मैले येशूलाई भेटेपछि।
मेरो जीवनमा कस्तो परिवर्तन भयो?

आफ्नो गवाही बाँड्नु शक्तिशाली हुन्छ। तपाईं छक्क पर्नुहुन्छ कि धेरै मानिसहरू तपाईंको आफ्नै गवाही सुन्न इच्छुक र खुला हुन्छन्।

जब तपाईं आफ्नो गवाही बाँड्नुहुन्छ र अरूलाई पनि त्यस्तै गर्न तालिम दिनुहुन्छ, तब तपाईं सुसमाचारप्रति खुला भएका मानिसहरूलाई चिन्न सक्नुहुन्छ। जब उनीहरूले रुचि देखाउँछन्, उनीहरलाई भेटेर धेरैकुरा बाँड्न समय मिलाउनुहोस्। वा तिनीहरूलाई खोजमुलक बाइबल अध्ययनमा सहभागी हुन आमन्त्रित गर्नुहोस्।

जब सबैले आफ्नो गवाही बाँड्न सिक्नेछन र सक्रिय रूपमा यो अभ्यास गर्नेछन, तब तिनीहरूलाई सुसमाचारको अर्थपूर्ण प्रस्तुतीकरणमा तालिम दिनुहोस्।

### बीउ छर्ने लक्ष्य निर्धारण गर्नुहोस्।

यस महिनाभरि तपाईँको क्षेत्रमा रोपिएका सुसमाचारका बीउहरूको सङ्ख्या बढाउन तपाईँले के गर्नुहुनेछ? तपाईँले कति जनालाई सुसमाचार बाँड्नुहुनेछ र कति जनालाई अरुसँग बाँड्न तालिम दिनुहुनेछ भन्ने लक्ष्य समुहमा राख्नुहोस्। त्यसपछि तपाईँले ती लक्ष्यहरूसँग कसरी काम गर्नुभयो भनेर पछ्याउनु होस। जबसम्म हजारौं बीउहरू छरिदैन तबसम्म हरेक महिना विउको संख्या बढाउँदै जानुहोस् । तपाईंले निस्चित रुपमा फलहरु देख्न थाल्नुहुनेछ।

फसल पकिसकेको छ। तर यसलाई कटनी गर्न, तपाईंले बारम्बार सुसमाचार बाँड्नुपर्छ।

**कार्य कदमहरु:**

१) खुल्ला हृदयको लागि प्रार्थना गर्नुहोस्: सुसमाचार सुन्नेहरूको हृदय तयार पार्न, तिनीहरूलाई सन्देशप्रति ग्रहणशील बनाउनुहोस् भनी परमेश्वरसँग प्रार्थना गर्नुहोस्।

२) तपाईँ र तपाईँको टोलीले व्यापक रूपमा सुसमाचार बाँड्न सक्नुभएको होस् भनी र परमेश्वरले सशक्त र साहसी बनाउनुभएको होस् भनी प्रार्थना गर्नुहोस्।



# पाठ २
# ३ मिनेटको गवाहीको शक्ति।




## आफ्नो ३ मिनेटको गवाही तयार पार्ने कदमहरू।

आफ्नो छोटो गवाही कसरी बाँड्ने भनेर सिक्नु धेरै शक्तिशाली हुन्छ! तलका सरल कदमहरू प्रयोग गरेर आफूलाई तयार पार्नुहोस्। त्यसपछि एक जना साथी सँग अभ्यास गर्नुहोस्।

पहिले – येशूलाई भेट्नु अघि तपाईको जीवन कस्तो थियो?
(स्पष्ट रूपमा फरक तरिकाले पहिचान गर्नुहोस। के तपाई दु:खी, एक्लोपना, कुलतहरु, मानिसहरूसँग हुने झगडा, आदि थियौं?)

कसरी – किन तपाईले येशूको बारेमा सुनेर
उहाँमाथि विश्वास गर्न रोज्नु भयो?

पछि – येशूलाई चिनेपछि तपाईको जीवन कस्तो छ?
(पहिलेको उत्तरको तुलनामा फरक कुरा उल्लेख गर्न नबिर्सिनुहोस्। उदाहरणका लागि, यदि तपाईँले पहिले एक्लो हुनुहुन्थ्यो भने तपाईँ अहिले भन्न सक्नुहुन्छ कि मलाई थाहा छ मलाई परमेश्वरले प्रेम गर्नु हुन्छ र मेरो एउटा समुदाय छ जुन मेरो लागि परिवार जस्तै छ, आदि )

**कार्य कदमहरू:**
१) आफ्नो गवाही तयार गर्नुहोस्।
२) साथीसँग धेरै पटक अभ्यास गर्नुहोस्।
३) बाहिर जानुहोस् र कम्तिमा १-२ जनालाई बाड्नुहोस।

## पाठ ३
# मुख्य सुसमाचार प्रचार शैली छनोट गर्नु।



### सरल सुसमाचार प्रचारका दृष्टिकोणहरू।

सुसमाचार बाढ्ने धेरै विभिन्न तरिकाहरू छन्। पवित्र आत्माले हामीलाई सुसमाचार बाँड्न हामीलाई मुख खोल्दा नेतृत्व गर्नुहुन्छ र प्रेरणा दिनुहुन्छ। गुणात्मक वृद्धि देख्न चाहनुहुन्छ भने, एउटा मात्र सरल तरिका छान्नु महत्वपुर्ण छ। यो एउटै तरिकामा निरन्तर रहँदा, विश्वासमा आउनेहरूले पनि चाँडै यसलाई सिक्छन्। येशूलाई पछ्याउनेहरू सबै साथीहरू र छिमेकीहरूसँग सुसमाचार बाँड्न तालिम दिनुहोस्। तिनीहरूलाई निरन्तर तालिम दिनुहोस् र अभ्यास गर्ने अवसर दिनुहोस्, जबसम्म तिनीहरू आत्मविश्वासी र सक्षम बन्दैनन्।

तपाईंले विचार गर्न सक्ने पाँच सरल विधिहरूको सूची र संक्षिप्त विवरण तल दिइएको छ । विश्वभर अभियान सुरु गरेका मानिसहरूले यी सबै विधिहरू प्रयोग गरेका छन्। तिनीहरु प्रभावकारी र पुनः प्रयोग गर्न मिल्ने प्रमाणित भएका छन्। त्यस्तै अन्य धेरै शैलीहरू पनि उपलब्ध छन्। अथवा परमेश्वरले तपाईंलाई आफ्नै शैली सिर्जना गर्न मद्दत गर्न सक्नुहुन्छ। त्यो पनि ठीक छ। तर मुख्य कुरा यो हो कि तपाईंले एउटा त्यस्तो शैली रोज्नुस् जुन जटिल वा सिक्न गाह्रो नहोस् र त्यसमा निरन्तर रहिरनुहोस्।

## सृष्टि देखि येशू ख्रीष्ट सम्म।

स्वर्गीय स्टीव स्मिथले आफ्नो पुस्तक द हस्टेनिङमा यो सुसमाचार प्रस्तुतीकरणको उल्लेख गरेका छन्। यो काल्पनिक उपन्यासमा उल्लेख गरिएको मण्डली स्थापना टोलीको मुख्य स्रोतहरूमध्ये एक हो। यसले तपाईंलाई संसारको सृष्टिबाट सुरु गरेर, बाइबलको सम्पूर्ण कथा मार्फत मानिसहरूलाई येशूको जन्म, मृत्यु, पुनरुत्थान र स्वर्गारोहण सम्म कसरी सुसमाचार बाँड्ने भन्ने सिकाउँछ। तपाईं यहाँ यसलाई सिक्न सक्नुहुन्छ। (लिङ्कमा थिच्नुहोस्)

NEPALI - https://youtu.be/yZmeC_UGt-4?si=C0BNqqpCJ1b18JON

## तीन घेराहरू।

यो सुसमाचार बाँड्ने एक लोकप्रिय र सरल तरिका हो, विशेष गरी पश्चिमी देशहरूमा। हाल यो अन्य स्थानहरूमा पनि प्रयोग भइरहेको छ। तीनवटा गोलो घेराहरुको प्रयोग गरेर, टुटेकोपनको गोलो घेराबाट तपाईंले सुरु गर्नुहुन्छ , त्यसपछि सुन्दरताको गोलो घेरा र अन्ततः ख्रीष्टको गोलो घेराबाट

तपाईँले यहाँबाट बुझ्न सक्नुहुन्छ:
NEPALI - https://www.youtube.com/watch?v=oVnUiPR59U0

## कुनै तीन

यो कुराकानी गर्दै सुसमाचार प्रचार गर्ने विधि इन्डोनेसियामा विकसित भएको थियो। यो कुराकानी प्राय प्रश्नबाट सुरु हुन्छ जस्तै “तपाईँ कुन धर्म मान्नुहुन्छ”? त्यसपछि यो विधिले व्यक्तिलाई बिस्तारै चरणबद्ध रूपमा सुसमाचारको कथा प्रस्तुत गर्ने अवसरतर्फ लैजान्छ, जुन विशेषगरी मुस्लिमहरूले सजिलै बुझ्न सक्ने गरी तयार पारिएको छ। प्रयोग गरिने कथालाई “अन्तिम बलिदानको कथा” भनिन्छ। यसमा तीन भाग हुन्छन्। सृष्टिबाट सुरु हुन्छ, त्यसपछि अन्तमा येशूको बारेमा बताइन्छ, त्यसपछि उहाँको मृत्यूलाई बगैंचामा थुमाको पहिलो बलिदानसँग जोडिन्छ।

ENGLISH PDF - https://dq5pwpg1q8ru0.cloudfront.net/2020/12/07/04/16/56/b407864d-0568-4f39-9496-631e452af4c5/Shipman-Any-3-Overview.pdf

**खजानाको खोजि।**
यो सुसमाचार प्रचारको एक शैली हो जसले भविष्यवाणीको वरदान र सुसमाचार प्रचारलाई एकसाथ जोड्दछ। यो विधि त्यसबेला लोकप्रिय भयो जब केभिन डेढमनले यसबारे आफ्नो पुस्तक "द अल्टिमेट ट्रेजर हन्ट: अ गाइड टु अलौकिक इभान्जेलिज्म थ्रु अलौकिक भेटघाट" मा लेखे।

सुसमाचार प्रचार गर्न बाहिर जानु अघि, तपाईँले प्रार्थना गर्नुहोस् र परमेश्वरले तपाईँको लागि तयार पारिएको व्यक्तिको तस्बिर देखाउन उहाँलाई अनुरोध गर्नुहोस्। जब तपाईं प्रभुको प्रतीक्षा गर्नुहुन्छ, उहाँले तपाईंलाई त्यो व्यक्तिको बारेमा केही विशेषता बताउनुहुन्छ । जस्तै, उनले लगाएको कपडाको रङ, वा व्यक्तिगत जीवनको कुनै विवरण। त्यसपछि तपाईं बाहिर जानुहोस र त्यस्तो विवरण भएको व्यक्ति खोज्नुहोस। जब तपाईंले प्रभुले देखाउनुभएको विवरण मिल्ने व्यक्ति फेला पार्नुहुन्छ, तपाईं उहाँलाई भन्नुहुन्छ कि तपाईंको लागि म सँग परमेश्वरको एउटा सन्देश छ। त्यसपछि तपाईं उहाँलाई आशिष दिनुहुन्छ र उहाँमाथि भविष्यका कुरा गर्नुहुन्छ।

यदि तपाईं यस प्रकारको शैलीसँग परिचित हुनुहुन्न भने, यो अलि अनौठो लाग्न सक्छ। तर धेरै मानिसहरूले यसमार्फत प्रभुलाई भेटेका छन् र येशूलाई आफ्नो उद्धारकर्ता स्वीकार गरेका छन्।

तपाईँले यहाँबाट बुझ्न सक्नुहुन्छ: ENGLISH
https://www.youtube.com/watch?v=5Pm2_S8XQKg

## कार्य कदमहरू:
१) कुनै एउटा सुसमचार प्रचारका शैली (उपकरण) हरू छनोट गर्नुहोस्।
२) त्यो शैली साथीसँग पटक पटक अभ्यास गर्नुहोस्।
३) त्यो शैली प्रयोग गरेर सुसमाचार बाँड्न सुरु गर्नुहोस्।

# पाठ ४
# बिरामीहरूको लागि प्रार्थना गर्नुहोस्।



**बिरामीहरूलाई निको पार्ने र हामीलाई अवरोध गर्ने कुराहरू।**

बिरामीलाई निको पार्ने काम व्यक्तिको जीवनको एक महत्वपूर्ण भाग हो।

किन? बिरामी निको पार्ने? म कसरी त्यसो गर्न सक्छु? केवल परमेश्वरले मात्र बिरामीलाई निको पार्न सक्नुहुन्छ! सत्य हो पनि तर होइन पनि ।
पर्खनुहोस्! दुवै एकसाथ कसरी सम्भव हुन्छ?
के वास्तवमै सम्भव छ?

चेला बनाउने अभियानहरूमा धेरै आधारभूत कुराहरू आवश्यक पर्दछन्। ती मध्येको एक परमेश्वरको बचनको आज्ञापालन हो। DMM तालिममा हामी प्रायः ख्रीष्टका आज्ञाहरूमा जस्तै सुसमाचार बाँड्न वा बप्तिस्मा लिन आज्ञाकारी हुनमा ध्यान केन्द्रित गर्छौं। यी कुराहरू अत्यन्तै महत्त्वपूर्ण छन्। यदि अभियानहरू केवल चमत्कारहरूमा आधारित भए भने, त्यो प्रायः गहिरो हुँदैन र पुस्तागत वृद्धि पनि देखिदैन। त्यही समयमा येशूले हामीलाई एउटा महत्त्वपूर्ण उदाहरण दिनुभयो। उहाँले बिरामीहरूलाई निको पार्नुभयो र आफ्ना चेलाहरूलाई पनि त्यस्तै गर्न तालिम दिनुभयो।

**येशूले भन्नुभयो, "बिरामीलाई निको पार।"**

यो रोचक कुरा हो कि येशूले आफ्ना चेलाहरूलाई केवल बिरामीका लागि केवल प्रार्थना गर मात्र भन्नु भएन, तर उहाँले "बिरामीलाई निको पार्न" भन्नुभयो।

"जब तिमीहरू कुनै सहरमा पस्छौ, र तिनीहरूले तिमीहरूलाई स्वागत गर्छन्, तब तिमीहरूका सामु राखिदिएको भोजन खाओ, त्यहाँ भएका रोगीहरूलाई निको पार, र तिनीहरूलाई भन, 'परमेश्वरको राज्य तिमीहरूका नजिक आइपुगेको छ।" लूका १०: ८-९

हो, बिरामी निको पार्ने काम परमेश्वरको हो, तर उहाँले मानिसहरू मार्फत निको पार्ने काम गर्नुहुन्छ। उहाँले तपाई र मलाई प्रयोग गरेर निको पार्नुहुन्छ। हामीले आफ्नो शक्तिद्वारा होइन तर उहाँको शक्तिद्वारा मानिसहरूलाई निको पार्छौं।

विश्वभरि रहेका हरेक चेला बनाउने अभियान, चाहे त्यो ऐतिहासिक होस् वा आधुनिक, बिमारीहरूलाई निको पार्ने कार्य आश्चर्यहरूले भरिएका छन् ।

यो परमेश्वरले काम गर्ने तरिकाको एक भाग हो।
उहाँले चिह्न र अद्भुत कार्यहरू मार्फत आफ्नो वचनलाई पुष्टि गर्नुहुन्छ। आश्चर्यकर्म गरेर उहाँले आफ्नो प्रेम र शक्तिलाई देखाउनुहुन्छ।



## एक अदभुत गवाही।

घनस्याम एक सरल व्यक्ति थिए जसको अद्भुत कथा थियो। उहाँले विद्यालयमा कक्षा दुईसम्म मात्र पढ्नुभएको थियो, तर करिब ३० वर्षको उमेरमा, उहाँले ख्रीष्टमा विश्वास गर्नुभयो र क्रमशः आफैंले पढ्न सिक्नुभयो। उहाँको शान्त दृढताले उहाँलाई “खोजिएकाहरूको लागि परमेश्वरको हृदय” भन्ने विषयमा भएको एक तालिममा सहभागी हुन प्रेरित गऱ्यो। हप्ताहभरि उहाँले ध्यानपूर्वक सुन्नुभयो र सबैको उद्धारका लागि परमेश्वरको चाहनालाई आत्मसात गर्नुभयो।

कार्यक्रमको अन्त्यसम्ममा घनस्यामले साहसिक निर्णय लिनुभयो। उहाँले आफ्नो राष्ट्रका घुमन्ते जीवन जीउने, पहुँच नभएका मानिसहरूलाई सुसमाचार सुनाउन बोलाइएको महसुस गर्नुभयो, दृढ सङ्कल्पताका साथ, उहाँ त्यस गाउँमा सरेर सम्बन्ध निर्माण गर्न थाल्नुभयो र बाइबलका कथाहरू बाँड्नुभयो। जसमा येशूले बिरामीलाई निको पार्नु भएको र मानिसहरूलाई दुष्ट शक्तिबाट मुक्त गर्नुभएको कथा समावेश थियो। मानिसहरूले सुने, तापनी उनीहरू अझै यो नयाँ “विदेशी” धर्म भनि स्वीकार्न तयार थिएनन्।

सबै कुरा त्यतिबेला बदलियो जब एक रोगको लहर गाउँभरि फैलियो र करिब पचास परिवारहरू प्रभावित भए। गाउँका मानिसहरूप्रति चिन्तित हुँदै, घनस्यामले गाउँको मुखियाकोमा गएर येशूको नाममा निको पार्न प्रार्थना गर्ने प्रस्ताव राख्नुभयो। जब उहाँले मुखिया र उहाँको परिवारमाथि हात राखेर प्रार्थना गर्नुभयो, केही अनौठो भयो। उनीहरूको छालाबाट एक प्रकारको उड्ने कीरा निस्कियो, र त्यसको केही समयपछि पूरै गाउँ निको भयो।

यस आश्चर्यपूर्ण घटनाले घनस्यामलाई पूर्ण रूपमा विश्वस्त बनायो। केही साताभित्रै उहाँले गाउँसभा बोलाउनुभयो, र पूरै समुदायले येशूमा विश्वास गर्ने निर्णय गरे। यदि उहाँले तिनीहरूलाई निको पार्न पर्याप्त प्रेम गर्नुभयो भने, तिनीहरू पनि आफ्नो जीवन उहाँलाई दिन तयार थिए। एकै दिनमा, पचासभन्दा बढी वयस्कहरूले येशूको आज्ञा पालन गर्दै बप्तिस्मा लिए, यसले गाउँमा एउटा अभियानको सुरुवात भयो।

हामी यस्ता कथाहरू पढ्छौं र उत्साहित हुन्छौं।
हामी चाहन्छौं यस्ता कुरा हाम्रो समुदायमा पनि भएको होस। तैपनि, हामी अझै सतर्क महसुस गर्छौं।

बिरामीको लागि प्रार्थना गर्न तपाईंलाई किन हिचकिचाहट हुन्छ?

## निको पार्ने काममा अवरोध ल्याउने ३ कुरा ।

### १. अविश्वास

यो अविश्वास पहिचान गर्न सजिलो छैन। मेरो लागि, यो होइन कि म परमेश्वरले निको पार्न सक्नुहुन्छ भन्ने विश्वास गर्दिनँ । तर यसो हो कि मलाई शंका छ कि उहाँले म मार्फत निको पार्नुहुनेछ वा पार्नुहुन्न।
"द एसेन्शियल गाइड टु हिलिंग" पुस्तकमा, र्‍यान्डी क्लार्कले अविश्वासी विश्वासीहरू र विश्वास गर्ने अविश्वासीहरू" को बारेमा लेखेका छन्। हामी विश्वासीहरूले कति पटक अविश्वासमा फसेका छौं! म जान्दछु म यसमा दोषी छु! मेरा शब्दहरूले भन्छन् म विश्वास गर्छु, तर मेरा क्रियाकलापले केही फरक देखाउँछन्।

DMM हरूका लागि राम्रो खबर यो हो कि प्रायः हाम्रो वरिपरिका सुसमाचार नपुगिएका मानिसहरूले हामीभन्दा छिटो परमेश्वरको वचनमा विश्वास गर्छन्! यो पागलपन होइन र?

जब हामी येशूले यहाँ पृथ्वीमा हुँदा के गर्नुभयो भन्ने कथाहरू सुनाउछौं र परमेश्वरको वचन आज पनि सत्य हो भन्छौं... उनीहरू हामीमाथि विश्वास गर्छन्! परमेश्वर नयाँ विश्वासीहरू र उहालाई खोज्नेहरूको विश्वासलाई प्रेम गर्नुहुन्छ। उहाँ प्रायः यस प्रकारको प्रतिक्रियामा आश्चर्यकर्म गर्नुहुन्छ।

के तपाईं अविश्वाससँग संघर्ष गरिरहनुभएको छ?

### २. प्रार्थना नगर्ने बानी।

येशूका चेलाहरूले मत्ती १७ अध्यायमा एउटा भूत निकाल्ने प्रयास गरे, तर तिनीहरूले सकेनन्। किन? येशूले तिनीहरूलाई भन्नुभयो। यस्तो भूत प्रार्थना र उपवास मार्फत मात्र निको हुन्छ। यो कुनै जादूको सूत्र होइन कि बढी प्रार्थना गर्‍यो भने परमेश्वरले बढी निको पार्नुहुनेछ। यो पालना गर्नुपर्ने सिद्धान्त हो। जब हामी प्रार्थनामा धेरै समय बिताउँछौं, परमेश्वरको उपस्थितिमा, दाखको बोटसँग जोडिएको हुन्छौं, उहाँमा रहन्छौं ... शक्तिको प्रदर्शन हामीबाट निस्कन्छ। उहाँ हामीमा अझ पूर्ण रूपमा बस्नुहुन्छ र उहाँका कामहरू हामीबाट स्वतन्त्र रूपमा निस्कन्छ।

मात्र तपाईंलाई अलिकति बढी प्रार्थना गर्न आवश्यक छ?

### ३) डराउनु

कहिलेकाहीं हामी विश्वासको जोखिम लिन डराउँछौं। हामी कसैलाई तपाईको लागि प्रार्थना गर्न सक्छु भनी सोध्न हिचकिचाउँछौं। जब तपाईं कुनै सामान्य ज्वरो भन्दा बढी केहीका लागि प्रार्थना गरिरहनु भएको हुन्छ तब यो विशेष गरी सत्य हुन्छ! तपाईंले एउटा ह्वयलचेयरमा बसेको मान्छे देख्नुहुन्छ। उहाँका लागि प्रार्थना गर्न प्रस्ताव गर्नु हुँदैन भन्ने धेरै कारणहरू तपाईंको मनमा आउँछन्। त्यसैले हामी प्रार्थना गर्न प्रस्ताव गर्दैनौं। कहिलेकाहीं पवित्र आत्माबाट प्रेरणा आए पनि हामी त्यसलाई बेवास्ता गर्छौं वा अस्वीकार गर्दैनौ।

२ तिमोथी १ :७ "किनभने परमेश्वरले हामीलाई डरको आत्मा होइन, तर शक्ति, प्रेम र आत्मसंयमको आत्मा दिनुभएको छ।"

के त्यस्तो हुन सक्छ कि तपाइँको जीवनमा विश्वास भन्दा डर ठूलो छ?

तपाईंको डर हटाउन र उहाँको प्रेम, शक्ति,  आज्ञापालन र आत्म-अनुशासनले तपाईंलाई भर्न, तपाईंका वरिपरिको बिरामीहरूलाई निको पार्न सकेका हौँ भनी परमेश्वरसँग प्रार्थना गर्नुहोस्।

तपाईंको जोखिमपूर्ण विश्वासको कार्यले तपाईंको गाउँ, शहर वा क्षेत्रमा चेला बनाउने अभियान (DMM) लाई उत्प्रेरणा दिन सक्छ! यस्तै धेरै अन्य ठाउँहरूमा पनि भएको छ।

तपाईं जहाँ हुनुहुन्छ त्यहीँ किन होइन? किन आज होइन?

### कार्य कदमहरू:

१) निको पार्नको लागि परमेश्वरलाई विश्वासले भर्न अनुरोध गर्नुहोस्। यदि तपाईं डराउनुभएको छ भने, उहाँलाई प्रार्थना गर्नुहोस् कि उहाँले तपाईंलाई साहसले भरुन्।
२) परमेश्वरलाई प्रार्थना गर्नुहोस् कि उहाँले तपाईंका लागि बिरामीहरूलाई प्रार्थना गर्ने अवसरहरू दिनुभएको होस।
३) यदि तपाईंले कसैलाई भेट्नुभयो वा कोही बिरामी भएको खबर सुन्नुभयो भने, येशूको नाममा उनीहरूको लागि प्रार्थना गर्न प्रस्ताव गर्नुहोस्।

## पाठ ५
## आफ्ना योजनाहरूको जाँच गर्नुहोस्।



तपाईंले यस मोड्युलबाट केही छुटाउनु भएको छैन भनेर सुनिश्चत गर्न समय निकालेर आफ्नो चेला बनाउने योजनाहरू पुनः समीक्षा गर्नुहोस्। यी प्रश्नहरूको उत्तर तपाईंको नोटबुकमा लेख्नुहोस्।

**प्रशस्त मात्रामा बिउ छर्ने योजना।**
१) तपाईंको क्षेत्रमा आज कति जना मानिसहरूले सुसमाचार सुन्ने छन्? यो हप्ता? यो महिना?
२) माथि लेखिएको संख्याभन्दा फरक कति जनासम्म सुसमाचार पुऱ्याउने लक्ष्य राख्नुहुन्छ? जस्तै: हरेक हप्ता ३०० जना।
३) तपाईंको व्यक्तिगत गवाही वा अन्य सुसमाचार प्रचारको विधिमा तपाईं कसलाई तालिम दिन सक्नुहुन्छ? यदि तपाईंले तिनीहरूलाई तालिम दिनुभयो भने, आउँदो महिनाहरूमा तिनीहरूले कति जनासँग सुसमाचार बाँड्न सक्छन्?
४) तपाईंले व्यक्तिगत रूपमा अझ बढी सुसमाचार बाँड्ने र अरूलाई तालिम दिने योजना थप स्पष्ट रूपमा वर्णन गर्नुहोस्। सकेसम्म विशेष रूपमा लेख्नुहोस्। तपाईं कहिले बाँड्नुहुन्छ? को सँग बाँड्नुहुनेछ? कसलाई तालिम दिनुहुनेछ? उनीहरूले कहिले बाँड्नेछन्? आदि।
५) सुसमाचार प्रचार बढाउने तपाईंको योजनालाई तल विस्तृत रूपमा वर्णन गर्नुहोस्। यदि तपाईंले तालिम सहित प्रिमियम योजना रोज्नु भएको छ भने, कृपया यो योजना तपाईंको प्रशिक्षकलाई पनि पठाउनुहोस्।

## सुसमाचार बाँड्ने गतिविधिहरू

नियमित रूपमा सुसमाचार बाँड्न अभ्यास आवश्यक पर्छ।

1. के तपाईंले आफ्नो ३ मिनेटको गवाही लेख्नु भएको छ ?
   छ की / छैन।
2. के तपाईंले कम्तीमा दुई जनासँग अभ्यास गर्न गर्नु भयो?
   छ की / छैन।
3. तपाईंको गवाहीको अभ्यास कस्तो भयो?
4. विगत दुई हप्ताको दौरानमा तपाईंले कसलाई आफ्नो गवाही वा सुसमाचार बाँड्नु भएको थियो?
5. तपाईंले कसलाई आफ्नो गवाही वा सुसमाचार प्रस्तुत गर्न तालिम दिनुभएको छ?

## प्राथमिक सुसमाचार प्रचार शैली।

गुणात्मक बृद्धि लागि एउटा प्राथमिक सुसमाचार प्रचार शैली छनौट गर्नु महत्त्वपूर्ण छ। यसलाई प्रयोग गर्न तपाईँ अझ आत्मा विश्वासी हुनुभयो भने तपाईँहरूले धेरैलाई तालिम दिन सक्नुहुन्छ।

1. तपाईंको प्राथमिक सुसमाचार प्रचार शैली के हुनेछ? सी. एन्डरसन ले भनेको सूचीबाट छान्नुहोस् वा तपाईंले आफैंले बनाएको कुनै शैली छान्न सक्नुहुन्छ।
2. तपाईंले त्यो शैली किन छान्नुभयो? के तपाईं पुष्टि गर्न सक्नुहुन्छ कि यो सरल र दोहोर्याउन योग्य छ?
3. तपाईं आफ्नो टोली र चेलाहरूलाई यस विधि प्रयोग गर्न कसरी तालिम दिनुहुन्छ? कहिले दिनुहुन्छ?

## बिरामीहरूको लागि प्रार्थना गर्नु।

आफ्नो वरिपरि बिरामीहरूको लागि प्रार्थना गर्नेसँग सम्बन्धित विश्वास र कार्यमा तपाईं कसरी वृद्धि गर्नुहुनेछ?

1. तपाईं र तपाईंको टोलीका सदस्यहरू बिरामीहरूको लागि प्रार्थना गर्न कतिको सहज महसुस गर्नुहुन्छ? के यो नियमित रूपमा हुन्छ कि हुँदैन?
2. विश्वासमा अगाडि बढ्न थप आत्म विश्वास र साहस जगाउन तपाईं के गर्न सक्नुहुन्छ?
3. तपाईं मार्फत वा अरू कोही मार्फत परमेश्वरले कसैलाई  निको पार्नुभएको कुनै गवाही तपाईसँग छ? यदि छ भने, तल त्यसको विवरण लेख्नुहोस्। त्यसपछि तपाईसँग तालिम लिइरहेका मानिसहरूसँग यो साझा गरेर तिनीहरूको विश्वास प्रोत्साहित गर्नुहोस्। गवाहीमा ठूलो शक्ति हुन्छ!